# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १३५ | काठमाडौं | बुधबार, १९ भदौ २०८१ | Prabhab National Daily | Wednesday, September 04, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# एनसेल नवीकरणको विषय संसद्मा

- 'किस्ताबन्दी' सुविधामा नवीकरण गरिदिने सरकारको निर्णयमाथि उठाइयो प्रश्न
- प्रधानमन्त्री ओलीले संसद्मा जवाफ दिनुपर्ने माग
- सत्तारूढ दल कांग्रेसकै सांसदबाट सरकारको निर्णयको आलोचना
- प्रणाली बिगार्ने विषय भएकाले यसले मुलुकलाई दीर्घकालीन असर पुऱ्याउने भनाइ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निजी दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेलले सरकारलाई प्रभावमा पार्दै लाइसेन्स नवीकरण गरेको विषय संघीय संसद्मा उठेको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले एनसेलको लाइसेन्स नवीकरणका लागि राजस्व दस्तुरमा दिएको 'किस्ताबन्दी' सुविधाप्रति अनेक प्रश्न उठिरहेको सन्दर्भमा यो विषयले संसद्मा प्रवेश पाएको हो ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा आम जनता पार्टीका अध्यक्षसमेत रहेका सांसद प्रभु शाहले एनसेलको लाइसेन्स नवीकरणमा घूसपैठ भएको हुनसक्ने आशंका व्यक्त गरे । उनले प्रधानमन्त्री ओली र एनसेलबीचको सम्बन्धबारे आशंका व्यक्त गर्दै यस सम्बन्धमा संसद्लाई जानकारी दिनुपर्ने माग राखेका छन् ।

एनसेलको सेयर खरिदबिक्री नै अफसोर कम्पनीमार्फत भएको अवस्थामा सरकारले दिएको किस्ताबन्दी सुविधाले मुलुकले अर्बौं राजस्व गुमाउने अर्थविद्हरुले बताइरहेका छन् । सत्तारुढ दल नेपाली कांग्रेसका सांसद चन्द्र भण्डारीले पनि सरकारले एनसेललाई किस्ताबन्दी सुविधा दिएर राज्यको राजस्व स्रोतमाथि खेलवाड गरेको आरोप संसद्मै लगाएका छन् । 'सधैं एनसेल । कहिले ६५ अर्ब तिरेन । कहिले विद्युत्को पैसा तिरेन । कहिले के ? यो के नाटक हो ? यो के नाटक हुँदै छ ? यसको सम्बन्धित मन्त्रीहरुले जवाफ दिनुपर्छ ।

(क्रमशः पृष्ठ २ मा)

## एनसेललाई ओलीको निगाहा

एनसेलको लाइसेन्स नवीकरण अन्तिम समयमा आएर मात्रै गरियो । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको पूर्ववर्ती सरकारले लाइसेन्स दस्तुर एकैपटक असुल गर्ने गरी निर्णय गरे पनि केपी शर्मा ओली नेतृत्वको सरकारले उक्त निर्णय उल्टयाउँदै किस्ताबन्दीमा बक्यौता बुझाउने सुविधामा नवीकरण गरिदिएको हो ।

व्यापारीको पक्षमा खुलेरै उभिने ओलीले यो पटक एनसेललाई समेत हातमा लिएको आरोप एमालेभित्रै लागिरहेको छ । तर, एमालेभित्र ओलीविरुद्ध बोल्न सक्ने नेताहरु नभएका कारण यो विषय पार्टीले नै प्रतिरोध गर्ने विषय बनेको बताइन्छ ।

ओलीले सरकारको नेतृत्व लिएपछि एनसेलको लाइसेन्स नवीकरण गर्ने वाचा गरेको र यसमा ठूलो मात्रामा आर्थिक चलखेल भएको स्रोतको दाबी छ । अंकमा भन्दा पनि प्रणाली बिगार्ने विषय भएकाले यसले मुलुकलाई दीर्घकालीन असर पुऱ्याउने उनको भनाइ छ ।

# चुनावी गठबन्धन त्याग्ने होडमा ठूला दल

- विगतको चुनावी गठबन्धनबाट दलहरु आफैं असन्तुष्ट
- कांग्रेस, एमाले र माओवादी एक्लाएक्लै चुनाव लड्ने पक्षमा
- चुनावी गठबन्धनले मतदातालाई भुक्याएको, दलमा असन्तुष्टि चुलिएको र स्वतन्त्र मतदानको अधिकारलाई कुण्ठित गरेको तर्क

■ **जेबी योञ्जन**



अब हुने चुनावमा गठबन्धन हुँदैन, एक्लाएक्लै चुनाव लड्ने हो । हामी त्यसको तयारीमा बस्नुपर्छ । मंसिरको उपचुनाव र ८४ को चुनावमा एक्लाएक्लै लड्छौं ।

■ **केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**



हामी भविष्यमा हुने आवधिक निर्वाचनहरूमा आफ्नै तागतमा एक्लै लड्ने छौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रूखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं ।

■ **गगन थापा**
**महामन्त्री, नेपाली कांग्रेस**



गठबन्धन भएपछि पहिले माओवादीलाई मत दिनेले कांग्रेसलाई दिनुपऱ्यो । कांग्रेसलाई पहिल्यैदेखि दिनेले माओवादीलाई दिनुपऱ्यो । यसरी दलहरूबाट मतदाताको मताधिकारको स्वतन्त्रतालाई कुण्ठित गरिनु ठीक होइन ।

■ **प्रा. कृष्ण पोखरेल**
**राजनीतिशास्त्री**

**काठमाडौं–** तीन वर्षपछि २०८४ मा हुने आमनिर्वाचनमा गठबन्धन गर्ने कि नगर्नेबारे ठूला राजनीतिक दलहरू बहसमा उत्रिएका छन् । सत्तारूढ दल नेपाली कांग्रेसले त गठबन्धन नगर्ने निर्णय नै गरिसकेको छ ।

आइतबार सकिएको केन्द्रीय समिति बैठकले महामन्त्री गगनकुमार थापाको प्रस्तावअनुसार आगामी निर्वाचनमा गठबन्धन नगर्ने निर्णय गरेको हो । कांग्रेसले गठबन्धन नगर्ने निर्णय लिएको दुई दिनपछि नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि गठबन्धन नगर्ने घोषणा गरेका छन् । एक्लै निर्वाचन लड्ने भन्दै सोहीअनुसार तयारी थाल्न नेता कार्यकर्तालाई उनले निर्देशन नै दिए ।

'अब हुने चुनावमा गठबन्धन हुँदैन, एक्लाएक्लै चुनाव लड्ने हो । हामी त्यसको तयारीमा बस्नुपर्छ । मंसिरको उपचुनाव र ८४ को चुनावमा एक्लाएक्लै लड्छौं,' ओलीले मंगलबार पार्टीको पोलिटब्युरो बैठकमा भने, 'निर्वाचनपछि भने एलायन्स (गठबन्धन) हुन पनि सक्छ, परिस्थिति हेरेर ।'

एमालेले ४ मंसिर २०७९ मा भएको निर्वाचन गठबन्धनसहित लडेको थियो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई एमालेले गठबन्धनमा समावेश गरेको थियो । अन्य केही साना राजनीतिक घटकसँग पनि एमाले गठबन्धनमा थियो । तर, पनि एमाले संसद्को दोस्रो दल बन्यो । सोही दलका अध्यक्ष तथा प्रधानमन्त्री ओलीले आगामी तीन वर्षपछि हुने चुनावमा गठबन्धन नगर्ने बताएका हुन् ।

चुनावी गठबन्धन नगर्ने निर्णय गरिसकेको कांग्रेस पनि गठबन्धनसहित चुनावमा गएको शक्ति हो । नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत दलहरू कांग्रेस नेतृत्वको चुनावी गठबन्धनमा समाहित थिए । यसले गर्दा पनि ८९ सिटसहित कांग्रेस पहिलो दल बन्यो ।

तर, गठबन्धनकै कारणले पहिलो दलीय हैसियत प्राप्त गरेको कांग्रेसको केन्द्रीय समितिले पारित गरेको महामन्त्री गगन थापाको प्रतिवेदनमा भनिएको छ, 'हाम्रो आफ्नै संगठनलाई थप ऊर्जाशील बनाउँदै आमजनताको मत र विश्वास बढाएर नेपाली कांग्रेसलाई एक्लै बहुमत ल्याउनसक्ने पार्टीको रूपमा पुनःस्थापित गर्नेछौं । हामी भविष्यमा हुने आवधिक निर्वाचनहरूमा आफ्नै तागतमा एक्लै लड्ने छौं र हाम्रा मतदातालाई नेपाली कांग्रेसको चुनाव चिह्न रुखमा नै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं ।'

यतिबेला कांग्रेस र एमालेकै सरकार छ । चुनावी घोषणापत्रअनुसार देश विकास र समृद्धिको यात्रामा अघि बढ्नुपर्ने मूलभूत दायित्व सरकारको छ । तर, तीन वर्षपछि हुने चुनावमा गठबन्धन गर्ने कि नगर्ने बहसमा सत्तारुढ दुई दल अल्झिएका छन् । यसबारे यी दलहरूकै दोस्रो तहका नेताहरू त्यति सन्तुष्ट छैनन् । एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्य चुनावअघि निर्णय लिनुपर्ने विषयमा अहिल्यै छलफल गर्नुपर्ने कुनै कारण नभएको बताउँछिन् । 'अहिले नै चुनावी गठबन्धन गर्ने कि नगर्ने भन्ने विषय छलफलमा ल्याउनु मलाई व्यक्तिगतरूपमा त्यति ठीक लागेको छैन । किनभने यो त चुनावकै मुखमा गर्दा भइहाल्छ नि,' उनले प्रभावसँग भनिन्, 'अहिल्यै हतारो गर्नुपर्ने थिएन ।'

एमाले चुनावमा गठबन्धन बनाएर गएको दोस्रोपटक भइसकेको छ । २०७४ मा वाम गठबन्धन र २०७९ मा वाम-राजावादी शक्तिबीच गठबन्धन गरेर चुनावमा गयो । पहिलो गठबन्धनले एमालेलाई संसद्को पहिलो दल बनायो । दोस्रोपटकको चुनावी गठबन्धनले दोस्रो नै बनायो । फेरि, संसद्मा त्रिशंकु बन्यो । सरकारमा अस्थिरता निम्तियो । कूल ३२ सिटसहित तेस्रो बनेको दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले गठबन्धन अदलबदल गरिरहे । यसपछि कांग्रेसमा चुनावी गठबन्धन नगर्नेबारे बहस चुलिएको हो । यहीबीच एमालेमा पनि चुनावी गठबन्धनले ठाउँ पायो ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

# 'घरेलु कामदारसम्बन्धी प्रोटोकलमा सहमति जुटाउने प्रयास जारी'

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले घरेलु महिला कामदारको माग गरिरहेका विभिन्न देशहरूसँग 'घरेलु कामदारसम्बन्धी प्रोटोकल'मा सहमति जुटाउन छलफल भइरहेको बताएका छन् । संघीय संसद्मा मंगलबार सांसदहरूले उठाएको प्रश्नको जवाफ दिने क्रममा मन्त्री भण्डारीले विदेशमा महिला कामदारको रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने सम्बन्धमा आवश्यक प्रोटोकलमा छलफल भइरहेको बताएका हुन् ।

मन्त्री भण्डारीले महिला घरेलु कामदार पठाउने विषयमा द्विपक्षीय सहमति गर्न छलफल भइरहेको उल्लेख गर्दै संसदीय समितिले दिएको निर्देशनहरूको पालना गर्दै प्रोटोकल प्रस्ताव गरिएको बताए । यद्यपि प्रोटोकलहरूमा कुन-कुन मुलुकसँग छलफल भइरहेको छ भन्नेचाहिँ मन्त्री भण्डारीले खुलाएनन् । संसदीय समितिको निर्देशनका कारण विगत नौ वर्षदेखि सरकारले घरेलु महिला कामदारलाई विदेश जान श्रम स्वीकृति दिएको छैन । तर, खाडीका विभिन्न मुलुकहरूले घरेलु महिला कामदारको आपूर्ति गर्न नेपाल सरकारसँग आग्रह गर्दै आएका छन् ।

सरकारले घरेलु कामदारलाई विदेश जान बन्देज लगाए पनि विभिन्न माध्यमबाट गैरकानुनीरूपमा जानेको संख्यामा आएको वृद्धिका कारण जोखिम बढेको भन्दै सरोकारवालाहरूले पनि सम्बन्धित मुलुकमा जान खुला गर्नुपर्ने माग गर्दै आएका छन् । 'सबैतिरबाट घरेलु कामदार पठाउनुपर्ने आवाज उठेको छ, सुरक्षाको पनि ग्यारेन्टी हुनुपऱ्यो,' मन्त्री भण्डारीले भने, 'माग गरेअनुसार सुरक्षाको प्रत्याभूति हुनेगरी प्रोटोकलमा सहमति भए घरेलु कामदार पठाउने प्रक्रिया सुरु गर्न सकिन्छ ।'

त्यस्तै घरेलु कामदारको हकमा मात्र नभई श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावरमार्फत) रूपमा जाने महिला कामदाहरूलाई पनि श्रम सम्झौताविपरीतका काममा लगाएको पाइए सम्बन्धित वैदेशिक रोजगार व्यवसायीलाई जिम्मेवार बनाइने र कानुनअनुसार कारबाही गर्ने मन्त्री भण्डारीले बताए । त्यसैगरी विभिन्न गन्तव्य मुलुकमा अप्ठ्यरोमा परी सम्पर्कमा आएका पीडित नेपाली कामदारहरूको दूतावासमार्फत राहत तथा उद्धार भइरहेको उनले बताए । 'वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको राहत, उद्धार तथा गुनासाको सम्बन्धमा सरकारले २४सै घण्टा सञ्चालन हुने कल सेन्टरदेखि सुरक्षाकर्मीसहितको र्‍यापिड रेस्पोन्स टिमबाट सम्बोधन गर्ने व्यवस्था गरेको छ,' उनले भने ।

(क्रमशः पृष्ठ २ मा)

# स्वास्थ्य सूचना प्रणाली 'डिजिटलाइज' गर्न कार्यदल

**काठमाडौं (प्रस)–** सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको समग्र स्वास्थ्य सूचना प्रणालीलाई डिजिटलाइज गरी ट्र्याकिङ गर्ने सम्बन्धमा अध्ययन कार्यदल गठन गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार नियमावली, २०६५ को दफा ४६ बमोजिम डा. दीपेन्द्ररमण सिंहको संयोजकत्वमा १६ सदस्यीय कार्यदल गठन गरेको हो ।

विदेसिने श्रमिकको स्वास्थ्य परीक्षणलाई वस्तुनिष्ठ तथा वैज्ञानिक बनाउन कामदारको स्वास्थ्य प्रतिवेदनलाई अन्तर ाष्ट्रिय मापदण्डबमोजिम बनाइ यससम्बन्धी विद्यमान जनगुनासो र समस्या समाधानका लागि सुझाव संकलन गर्ने गरी डा. सिंहको संयोजकत्वमा विशेषज्ञ चिकित्सक सम्मिलित १६ सदस्यीय कार्यदल गठन गरिएको मन्त्रालयले जनाएको छ । कार्यदलले आगामी दिनहरूमा कामदारको स्वास्थ्य परीक्षणलाई सहज र सरल बनाउने सम्बन्धमा अध्ययन गरी तोकिएको कार्यविवरणअनुसार सुझाव प्रदान गर्ने मन्त्रालयका मन्त्रालयका सहायक प्रवक्ता एवं उपसचिव कविराज उप्रेतीले जानकारी दिए ।

कार्यदललाई अकुपेसनल हेल्थ/नन कम्युनिकेवल डिजेज, टेलिमेडिसिन, मेन्टल हेल्थ, साइकोलोजिकल काउन्सेलिङलगायत कामदारको समग्र स्वास्थ्य सूचना प्रणालीलाई डिजिटलाइज गरी ट्र्याकिङ गर्ने विषयसँग सम्बन्धित रहेर एक महिनाभित्र सुझाव पेस गर्ने जिम्मेवारी तोकिएको उप्रेतीले बताए । श्रममन्त्री शरतसिंह भण्डारीले यही भदौ १३ गते मन्त्रीस्तरीय निर्णयबाट कार्यदल गठन गरेका हुन् ।




**पृष्ठ १ बाट क्रमशः**

## चुनावी गठबन्धन...

कांग्रेस नेता हृदयराम थानी चुनावअघिको गठबन्धन नेपालको सन्दर्भमा त्यति अर्थपूर्ण नभएको बताउँछन् । चुनावपछि सरकार गठनको मामिलामा भने गठबन्धन गर्न उचित हुने तर चुनावअघिको गठबन्धनलाई अभ्यासमा ल्याउन नहुने उनको भनाइ छ । 'जनताले चाहेको सरकारमा स्थिरता हो । त्यसका लागि संसद्मा त्यही अनुसारको गणित चाहिन्छ तर गठबन्धनले कुनै दलको बहुमत आएन । सरकार अस्थिर मात्रै भइरह्यो,' उनले भने, 'अब एक्लै चुनाव लड्ने, जनताको अभिमत प्राप्त गर्ने र सरकार गठन गर्ने चुनावी रणनीतिमा जानुपर्ने देखियो ।'

कांग्रेस र एमालेले मात्रै होइन, माओवादी केन्द्रले पनि गठबन्धन नगर्ने उक्त दलका अध्यक्ष दाहालले बताएका छन् । त्यहीअनुसार पार्टी संगठन मजबुत बनाउन उनले निर्देशन दिइसकेका छन् । दुई ठूला दलमा चुनावी गठबन्धनविरोधी मत प्रकट भइरहेकै बेला दाहालले त्यस्तो निर्देशन दिएका हुन् । उसो त नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले पनि गत पार्टी महाधिवेशनमै एक्लै चुनाव लड्नेगरी शक्ति जनताबाट आर्जन गर्न जनताकहाँ जान पार्टीका नेता कार्यकर्तालाई निर्देशन दिएका थिए ।

मतदानको क्रममा मतदाता झुक्किने र दलभित्र आन्तरिक असन्तुष्टि चुलिने भएका कारण पनि चुनावी गठबन्धन उपयुक्त नहुने तर्क नेपालको थियो । अर्कातिर, अप्राकृतिक चुनावी गठबन्धन भएको र त्यसले जनतामा राम्रो सन्देश नगएको पनि दलहरूको विश्लेषण छ ।

राजनीतिशास्त्री प्रा. कृष्ण पोखरेल पनि चुनावी गठबन्धनलाई जनताले राम्रो नभनेकाले गठबन्धन नगर्नु जनमतको सम्बोधन हुने अर्थमा विश्लेषण गर्छन् । चुनावी गठबन्धन गर्दा मतदाता अल्मिलिएको उनले बताए । 'एउटै मतपत्रमा मत हालिरहने बानी परेका मतदाता धेरै छन् । गठबन्धन भएपछि पहिले माओवादीलाई मत दिनेले कांग्रेसलाई दिनुपर्‍यो । कांग्रेसलाई पहिल्यैदेखि दिनेले माओवादीलाई दिनुपर्‍यो,' उनले भने, 'यसले मतदाताको मताधिकारको स्वतन्त्रतालाई दलहरूले कुण्ठित पारे ।'

चुनावी गठबन्धनको इतिहास त्यति पुरानो छैन । २०४८ सालको आमनिर्वाचन साना वाम घटकहरू संयुक्त वाम मोर्चाको नाममा गोलबद्ध भएर चुनाव लडेका थिए । त्यसपछि भने एकैचोटी २०७४ मा चुनावी गठबन्धन भयो । पछिल्लोपटक २०७९ मा भएको हो । यतिबेला भने चुनावी गठबन्धनविरोधी कित्तामा गठबन्धन गर्ने दलहरू नै उभिएका छन् । यसलाई राजनीतिशास्त्री पोखरेल उपयुक्त ठान्छन् ।

● ● ●

## एनसेल...

सरकारले यसको जवाफ दिनुपर्छ । एनसेलले पैसा तिर्नुपर्दैन ? जनतासँग पैसा लैजाने, चलाउने । जनतासँग पैसा लिएपछि सरकारले उठाउनु पर्दैन ?,' सांसद चन्द्र भण्डारीले प्रश्न गरे ।

उनले सीमित व्यक्तिहरुलाई ब्रह्मलुट गर्ने वातावरण बनाइदिन सरकार लागिपरेको आरोपसमेत लगाए । सांसद भण्डारीले सरकारलाई यो विषयमा जवाफ दिन रुलिङ गर्नुपर्ने माग सभामुखसँग राखेका थिए । तर, सभामुख देवराज घिमिरेले यो रुलिङ गर्न खासै चासो देखाएनन् ।

महाकाली सन्धिको बेलासमेत निर्णायक मत दिँदै प्रधानमन्त्री ओलीको पक्षमा उभिएका घिमिरेले ओली नेतृत्वको सरकारविरुद्ध रुलिङ नगर्नु स्वाभाविक भएको जानकारहरु बताउँछन् । ओलीकै निगाहमा सभामुख बनेका उनले मुलुकले राजस्व गुमाउने विषयभन्दा ओलीको सत्तालाई केन्द्रमा राखेको प्रस्ट देखिएको उनीहरुको भनाइ छ ।

'एनसेलको लाइसेन्स नवीकरण सम्बन्धमा सरकारले गरेको निर्णय सरासर गलत छ । कुन कानुन, धारा, उपधारा टेकेर किस्ताबन्दीको सुविधा दिइयो ? जनतालाई भन्नु पर्दैन ? विगतका अभ्यास भन्न सकिन्छ । तर, एनसेलको सेयर खरिदबिक्रीदेखि अफसोर कम्पनीबाट भएको शंकास्पद कारोबारका कारण पनि किस्ताबन्दीको सुविधा उपयुक्त हुन्न,' सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका एक उच्च अधिकारीले भने । यता दूरसञ्चार प्राधिकरण स्रोतले समेत किस्ताबन्दी सुविधा कानुनविपरीत भएको बताए ।

● ● ●

## घरेलु कामदार...

नेपालबाट खुला भएका गन्तव्य मुलुकमा श्रम स्वीकृति नलिई जुनसुकै भिसाबाट पुगेर काम गरिरहेको भए पनि गत मे ३० सम्म विदेशस्थित नेपाली कूटनीतिक नियोगमा निवेदन दिएकाहरूलाई एक पटकका लागि श्रम स्वीकृति (वैधानिकीकरण) दिइएको मन्त्री भण्डारीले जानकारी दिए । उनले संसद्बाट स्वदेशमा नै रोजगारी वृद्धि गर्ने उद्देश्यले आन्तरिक रोजगार दशकको घोषणा गर्न लागिएको बताए । उनले वैदेशिक रोजगारीको विकल्प रोजगारी नै रहेको भन्दै विदेश गएका युवाहरूलाई स्वदेश फर्काएर ल्याउने र पुनःएकीकरण कार्यक्रममार्फत उनीहरूको सीप, ज्ञान र पुँजी प्रयोग गरी आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने सरकारको योजना रहेको बताए ।

### सच्याइएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक १३३ भदौ १७ गते २०८१ मा प्रकाशित **Overseas Employment Pvt.Ltd.** को LT.No. 309801 को **Company NEFHAT AL QAHWA For Beverages** विज्ञापनमा **साउदी देश** हुनुपर्नेमा भुलवश अन्यथा हुन गएकोले सच्याइएको यो सूचना प्रकाशित गरिएको सम्पूर्ण सबैमा जानकारी गराइन्छ ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069
E-mail: overseas4employment@gmail.com

# 'एमबिबिएस' प्रवेश परीक्षाको नतिजामा लापरवाही

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको बैठकमा सांसदहरूले चिकित्सा शिक्षा आयोगले लिएको 'एमबिबिएस'को प्रवेश परीक्षामा मानवीय त्रुटि भएको विषयमा छुट दिन नहुने र दोषीलाई कडा कारबाही गर्नुपर्ने माग गरेका छन् । प्रतिनिधिसभाको मंगलबारको बैठकको आकस्मिक समयमा बोल्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले उक्त आयोगले प्रवेश परीक्षामा मानवीय त्रुटि भएको भनिए पनि सत्य बुझ्न जरुरी भएको बताए । 'चिकित्सा शिक्षा आयोगले लिएको प्रवेश परीक्षा त्रुटिपूर्ण भयो भनिएको छ,' सांसद कार्कीले भने, 'परीक्षामा मानवीय त्रुटि होइन, दानवीय त्रुटि भएको छ, यस्ता त्रुटि गर्नेलाई कडा कानुनी सजाय दिनुपर्छ ।' उनले शिक्षा क्षेत्रको सुधारका लागि सरकारको ध्यानाकर्षण गराए ।

नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले उच्च शिक्षालाई सुधार्नुपर्नेमा जोड दिए । उनले चिकित्सा शिक्षा आयोगले अंकभारको आधारमा विद्यार्थीको नतिजा सार्वजनिक गर्नुपर्नेमा रोल नम्बरको आधारमा गरिएकोप्रति सम्बन्धित निकायको ध्यानार्षण गराए । 'कसरी रोल नम्बरका आधारमा आयो, मानवीय गल्ती भनेर आइरहेको छ, विद्यार्थीको भविष्यसँग जोडिएको विषय हो,' उनले भने, 'झण्डै तीन हजार विद्यार्थीलाई मेडिकल साइन्सको विषयमा यस्तो गञ्जागोल बनाउन हुँदैन, मेरिटका आधारमा पढ्न पाउने व्यवस्था गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराउन चाहन्छु ।'

राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सुमना श्रेष्ठले चिकित्सा शिक्षा आयोगले एमबिबिएसको प्रवेश परीक्षाको नतिजा प्रकाशन गरेको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गराइन् । 'परीक्षामा भएको प्राविधिक त्रुटि भनेको के हो ? त्यो भविष्यमा दोहोरिन नदिने के गर्नुपर्छ,' उनले भनिन्, 'सबैले परीक्षा दिन काठमाडौं आउने व्यवस्थाको पनि अन्त्य गर्नुपर्छ, परीक्षामा प्राविधिक त्रुटि भएको भनिएको छ, त्यो के भएको हो ? भावी दिनमा नदोहोरिन के गर्नुपर्छ ?'

---

## युएईमा रोजगार

**कम्पनी : CAREERLINE FOR EMPLOYMENT**

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 310059 | चलानी नं. ६०२२४६५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब EAD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 40 | 0 | 900 | ३२,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 75 | 0 | 1200 | ३८,८७४ | | | | | | | |
| 3 | Mason Worker | 10 | 0 | 1200 | ३८,८७४ | | | | | | | |
| 4 | STEEL WORKER/STEEL FIXER | 75 | 0 | 1200 | ३८,८७४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रू. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Asia Link Services Pvt. Ltd.**
श्रम ईजाजत नं ११९/०५५/०५६
Basundhara Kathmandu,Nepal, Tel: +977-01-5903260, Phone No : 9817961880, 9851116133, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

---

## साउदीमा रोजगार

**कम्पनी : WRASS OPERATION AND MAINTENANCE LLC**
**शहर : .........**

पूर्व स्वीकृति मिति : २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 297099 | चलानी नं.६०२१२२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 5 | 0 | 1500 | ५३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

---

## साउदीमा रोजगार

**कम्पनी : EVER GREEN PROJECTS ESTABLISHMENT.**

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309966 | चलानी नं.६०२२४६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : MESMA COMPANY FOR PROVIDING MEALS**

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 309979 | चलानी नं.६०२२४६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

---

**Government of Nepal (GoN)**
**Ministry of Energy,Water Resources and Irrigation**
**Alternative Energy Promotion Center (AEPC)**
**Tahachal, Kathmandu, Nepal**
**Tel: +977-14598013,4598014**
**Email:info@aepc.gov.np Website : www.aepc.gov.np**

## Invitation for Electronic Bids

Contract Identification Number: **AEPC/ADMIN/NCB/G/2081/82-01**
Date of Notice Publication: **4 September 2024**

1. The **AEPC** invites **Electronic Bids** from eligible Bidders for the procurement of Goods **"Supply, Delivery of Stationeries, Kitchen and Toiletry Items"** under National Competitive Bidding - Single Stage Single Envelope procedures. Bidding is open to all Eligible Bidders as mentioned in the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of **AEPC** or may visit the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically (submission of hard copy is not applicable) may download the bidding documents for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bids electronically, should deposit the cost of the Bidding Document (nonrefundable fee)of Nrs.3000.00 in the Rajaswa(Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit Voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Rastriya Banijya Bank Ltd.** **Name of office: Alternative Energy Promotion Center**
   **Office Code No: 308003502** **Office Account no: 1000200010000**
   **Rajaswa (Revenue) Shirshak No.: 14229**
4. Interested Bidders are required to submit the Electronic Bids to the office through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** on or before **12:00 Noon on 4th October 2024.**
5. Submitted Electronic Bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:15 P.M. on 4th October 2024** at the office of **AEPC Tahachal, Kathmandu, Nepal.**
6. Bids must be valid for a period of **90 days** counting from the date of bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format, amounting to a minimum **NRs. 50,000.00,** which shall be valid for a minimum of 30 days beyond the bid validity period (i.e., Valid up to minimum **31st January 2025).**
7. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in AEPC'S Office code 308002 and Account Name DTCO, Kathmandu, Bank Account No.1201200001002524 at Nepal Rastra Bank, Thapathali and Submit/upload the receipt of the deposited amount of cash along with the Electronic Bid.
8. Other details are provided in the uploaded bidding document available in the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

---

## साउदीमा रोजगार

**कम्पनी : BAB AL EBDAA FACTORY FOR INDUSTRY**
**शहर : ............**

पूर्व स्वीकृति मिति २०८१/०५/१८ | LT. No. 310011 | चलानी नं. ६०२२४६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assembly Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : SADAH AL-MADHAQ RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति २०८१/०५/१८ | LT. No. 310012 | चलानी नं. ६०२२४६९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 3 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : SADAH AL-MADHAQ RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति २०८१/०५/१८ | LT. No. 310013 | चलानी नं. ६०२२४७००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

---

## युएईमा रोजगार

**कम्पनी : AL MASAR RECRUITMENT SERVICES SOLE PROPRIETORSHIP LLC**
**शहर : A Abu Dhabi Business Hub ICAD I PO Box 11161**

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 310133 | चलानी नं.६०२२४६९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 200 | 0 | 2000 | ७३,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६, २७ र २८ गते (11 12 & 13 Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**J. J. HUMAN RESOURCE PVT. LTD.**
Govt. License No. 1040/073/74
Sinamangal 9, Manpower Bazar, Kathmandu, Nepal, Tel: 4486825, 4486826, Mobile: 9851228946, 9851053767,
Email: jjhumanresource1040@gmail.com, info@jjhumanresource.com, Web: jjhumanresource.com

---

## साउदीमा रोजगार

**कम्पनी : ALMUZAIN GULF SAUDI CONTRACTING COMPANY**
**शहर : ........**

पूर्व स्वीकृति मिति २०८१/०३/२५ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/१८ | LT. No.307362 | चलानी नं. ६०२२२०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Erector | 30 | 0 | 1500 | ५३,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : GLOBAL WING GENERAL CONTRACTING EST**

पूर्व स्वीकृति मिति: २०८०/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति: २०८१/०५/१८ | LT. No.289775 | चलानी नं. ६०२०५११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

---

## कतारमा रोजगार

**कम्पनी : SPARKLING CLEAN GENERAL CLEANING**
**शहर : ...........**

पूर्व स्वीकृति मिति : २०८०/१२/२८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 303358 | चलानी नं.६०२१८२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 1 | 2 | 1300 | ४७,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/– कामदारले तिर्ने | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77427@gmail.com

---

## युएईमा रोजगार

**कम्पनी : AL MAJD INSULATION MATERIALS CO.**

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | LT. No. 309557 | चलानी नं.६०२२४४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour (waterproof) | 20 | 0 | 800 | २९,२४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी : LAZOURDY CONTRACTING & GENERAL MAINTENANCE**

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309482 | चलानी नं.६०२२४१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 50 | 0 | 1200 | ४३,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer (Gulf Experience) | 50 | 0 | 1200 | ४३,८७४ | | | | | | | |

**कम्पनी : HAMDAN AL MUTAWA GEN. MAINTENANCE**

पूर्व स्वीकृति मिति : २०८१/०५/११ | LT. No. 309483 | चलानी नं.६०२२४२४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Shuttering Carpenter | 2 | 0 | 1200 | ४३,८७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason Gulf Return | 3 | 0 | 1200 | ४३,८७४ | | | | | | | |
| 3 | Steel Fixer (Gulf Experience) | 2 | 0 | 1200 | ४३,८७४ | | | | | | | |

**KATHMANDU, Tokha Municipality, AT OFFICE ( 11th Sep. July 2024) मा हुनेछ ।**
**DHANUSHA, Janakpur Sub-Metropolitian City, PR TRAINING INSTITUE ( 11th Sep. July 2024) मा हुनेछ ।**
**SUNSARI, Itahari Sub-Metropolitian City, SUNSARI MULTIPURPOSE TRAINING CENTER ( 11th Sep. July 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Indigo Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १०७२/०७३/७४
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

---

## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी : X-SEVEN HEALTH SALOON INSTITUTE**

पुर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309977 | चलानी नं.६०२२४६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 3 | 0 | 140 | ६१,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Male Cleaner/helper | 8 | 0 | 130 | ५७,१३० | | | | | | | |
| 3 | Nepali Light Driver | 3 | 0 | 140 | ६१,५२० | | | | | | | |
| 4 | Tea Boy | 5 | 0 | 130 | ५७,१३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-32, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

## सरकारलाई अन्तर्राष्ट्रिय समितिको निर्देशन

# राजदूत सिफारिसमा समावेशिता ख्याल गर्नू




**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले विभिन्न मुलुकका लागि नेपाली राजदूतको पदमा सिफारिस गर्दा समानुपातिक समावेशी सिद्धान्तलाई ध्यान दिई सिफारिस गर्न सरकारको ध्यानाकर्षण गराएको छ ।

समितिको आज सिंहदरबारमा बसेको बैठकमा राजदूत नियुक्ति सम्बन्धमा परराष्ट्रमन्त्रीसँग छलफल गर्दै समितिले संविधानको व्यवस्था र राजदूत नियुक्ति निर्देशिका-२०७५ को व्यवस्थालाई पालना गर्न सरकारलाई निर्देशन दिएको हो ।

समितिका सभापति राजकिशोर यादवले नेपालको संविधानको प्रस्तावना, धारा ४२ र धारा २८२ को व्यवस्था तथा राजदूत नियुक्तिसम्बन्धी निर्देशिकालाई दृष्टिगत गरी सरकारले राजदूत नियुक्ति समावेशी र पारदर्शी बनाउनुपर्ने बताए । समितिले राजदूत नियुक्ति निर्देशिकाबारे पनि परराष्ट्र मन्त्रालयसँग छलफल गर्ने उनले बताए । समितिले परराष्ट्रमन्त्रीसँग हालै सम्पन्न भारत भ्रमण र राजदूत नियुक्ति सम्बन्धमा छलफल गरेको हो । बैठकमा सांसदहरूले राजदूत सिफारिसलाई पारदर्शी र विवादरहित बनाउनुपर्नेमा जोड दिएका थिए । सांसद विमलेन्द्र निधिले परराष्ट्रमन्त्रीको हालैको भारत भ्रमण फलदायी रहेको भन्दै यसबाट दुई देशबीचको आपसी हित र सम्बन्धलाई थप बलियो बनाउने विश्वास व्यक्त गरे ।

सांसद रघुवीर महासेठले परराष्ट्रमन्त्रीको भारत भ्रमण सफल रहेको र अन्य मुलुकसँगको कूटनीतिक सम्बन्धलाई पनि समान रूपमा बलियो बनाइनुपर्नेमा जोड दिए । सांसद पशुपतिशमशेर जबराले लामो समयदेखि चर्चामा आएको पञ्चेश्वर आयोजनाको प्रगतिबारे जानकारी गराउन माग गरे । सांसद भीमप्रसाद आचार्यले विभिन्न मुलुकमा नियुक्ति भएर जाने राजदूतलाई मुलुक र जनताप्रति जिम्मेवार बनाइनुपर्नेमा जोड दिए ।

सांसद एकनाथ ढकालले आगामी दिनमा राजदूत नियुक्ति निर्देशिकाअनुरूप राजदूतको सिफारिसलाई व्यवस्थित बनाइनुपर्नेमा जोड दिए । सांसद शिशिर खनालले राजदूत नियुक्ति प्रक्रिया निर्देशिकाबमोजिम हुनुपर्नेमा जोड दिए । सांसदहरू हितबहादुर तामाङ, प्रभु साह, प्रेम सुवाल, गंगाराम चौधरी र सुनिता बरालले राजदूत सिफारिस पारदर्शी हुनुपर्नेमा जोड दिए ।

---

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
### वैदेशिक रोजगार विभागको
**सूचना**

व्यवस्थापन शिक्षालाई आजको स्थितिमा पुऱ्याउने दिवंगत प्राध्यापकहरूको स्मरण गर्न भदौ १७ गते वाणिज्य दिवस मनाउन थालिएको हो । नेपालमा यस शिक्षामा अमूल्य योगदान दिने दिवंगत ईश्वरीलाल श्रेष्ठको योगदान सर्वाधिक महत्त्वपूर्ण छ । त्रिचन्द्र कलेजमा वाणिज्य शिक्षाका संस्थापक नै उनै थिए । नेपालमा वाणिज्यशास्त्र ‘आइसल्यान्डको सर्प’ भएकै अवस्थामा पठनपाठन गराउने श्रेय पनि उनैलाई जान्छ । कालन्तरमा नेपाल सरकारका सचिव तथा अन्य विभिन्न पदमा रही कार्य गरे पनि उनलाई लोकले आज पनि प्राध्यापककै रूपमा स्मरण गरेको छ । यसैगरी, गोपालमान श्रेष्ठ, कृतेन्द्रकुमार मल्ल, डा. रामप्रसाद राजवाहक, उपेन्द्रबहादुर प्रधानांग, मोहनप्रसाद उपाध्याय, ऐश्वर्यलाल प्रधानांग, सुरेन्द्रबहादुर वैद्य, विद्यामान शाक्य, नीलकण्ठलाल श्रेष्ठ, अञ्जिरमान प्रधान, अनन्तलाल कर्ण, शिवमगन गुरुङ गणेशमान पालिखे, शिवपूजन यादव, धीरेन्द्रप्रसाद श्रेष्ठ, उमाशंकर अग्रवाल, जगन्नाथलाल दास, रामेश्वरप्रसाद चौधरी, माणिकलाल प्रधान, पृथ्वीराज श्रेष्ठ, गेहेन्द्रबहादुर राजभण्डारीलगायत व्यक्तित्त्वले वाणिज्य शिक्षाको उन्नयन तथा विस्तारमा गरेको योगदानको गुन बिर्सन हुँदैन । यिनै महारथिहरूको परिश्रम तथा योगदानबाट वाणिज्य शिक्षाले फड्को मारेको हो भन्ने ऐतिहासिक तथ्य पनि बिर्सन हुँदैन । नेपालमा वाणिज्यशास्त्र शिक्षाको उन्नयन र विस्तारमा उल्लेख्य योगदान दिने शिक्षकहरूको परिचय नयाँ पुस्तालाई दिलाउन पनि हिजोका यी सारथिहरूको सम्झना गर्नै पर्दछ । *रासस*

# मुलुकको वर्तमान अवस्थामा राप्रपाको जिम्मेवारी



■ डिकप्रसाद बास्तोला

हाम्रो देशमा कुनै पनि क्षेत्रमा सुशासन छैन । जतातत‍ै भ्रष्टाचार मौलाएको छ । युवाहरू जति विदेश पलायन हुनुपरेको छ । विकास निर्माणका काम ठप्प छन् । सरकारको नीति राम्रो नभएकाले ठेक्का लागेका विकास निर्माण कामहरू समयमै सम्पन्न नभई ठेकेदारहरू भागेको अवस्था छ । आज जनता झनझन गरिब भइरहेका छन् । आज भन्यो भोलि भन्यो देश झनझन गरिब भइरहेको छ । जतातत‍ै विकृति छ । कुन दिन देश बंगलादेश वा श्रीलंका जस्तो हुने हो भनेर चिन्ता लिनुपर्ने अवस्था छ । देशभर अराजकता छ । राजनीतिक दलका नेतामात्र मोटाइरहेको अवस्था छ । राजनीतिबाट जनतालाई वितृष्ण उत्पन्न हुँदै गएको देखिन्छ ।

अहिलेको मुलुकको निकास भनेको अभिभावकीय राजतन्त्र नै हो । त्यसो त विभिन्न नाममा जनता प्रताडित छन् । हुन पनि देशलाई बचाउन पहिला हामी सबै सजग हुनुपर्ने समय आएको छ । देश रह्यौं भने हामी भोलि पनि राजनीति गरौंला, देशै रहेन भने हामी कहाँ गएर बस्ने ? त्यसैले पहिला देश बचाउने, देश बनाउने बाटोमा सक्रिय होउ । आपसका झैझगडा बिर्सेर देशका लागि हामी सबै एकजुट हुनेबेला आएको छ ।

त्यसो त भ्रष्टाचार त गाउँ-गाउँदेखि केन्द्रसम्म नै फैलिइरहेको छ । अब हरेक किसिमका भ्रष्टाचार अन्त्य नगर्ने हो भने सर्वसाधारणले ठूलो दुःख पाउने अवस्था छ । किनभने भ्रष्टाचारमै ठूला दलका नेताहरू संलग्न छन् । भ्रष्टाचारमा संलग्न हुने अनि विभिन्न प्रपञ्च गरेर नेताहरूले सफाइ पाइरहेको अवस्था छ । राजनीतिक पहुँच नभएकाहरू अकारण पनि भ्रष्टाचारमा फस्दै गएको देखिन्छ । त्यो त अख्तियारको प्रमुख आयुक्त, आयुक्तजस्ता पद राजनीतिक भागबण्डाकै आधारमै गर्ने गरिएका छन् । त्यसैले अख्तियारका आयुक्त प्रमुख आयुक्तले निर्णय गर्दा नेताको मुख हेरे निर्णय गरिरहेको भनिन्छ, यो सत्य पनि हो । पहिला अख्तियारजस्ता निकायलाई स्वच्छ र पारदर्शी नबनाई देशबाट भ्रष्टाचार अन्त्य होला भनेर कल्पना नगरे पनि हुन्छ । सीधासाधा फस्ने, राजनीतिक पहुँचवालाले भ्रष्टाचारमा उन्मुक्ति पाउने अवस्था कति दिन रहने ? यो गम्भीर र सोचनीय विषय हो ।

त्यो त देशमा सोचेजस्तो विकास नहुनुको प्रमुख कारण राजनीतिक पार्टीका नेताहरू इमान्दार र वफादार नहुनु नै हो । यसै मेसोमा भन्नुपर्दा विदेशी लगानी भित्र्याउन नसक्नाले पनि विकास निर्माण हुन नसकेको देखिन्छ । हाम्रो जस्तै देशमा राम्रोसँग विकास हुनु तर हाम्रो देश गरिब हुनुको कारण पहिला आफ्नै कमीकमजोरीलाई केलाउनुपर्छ ।

देशभर झनझन महँगी बढ्दै गएको करा लुकाएर लुक्दैन । जनताको आयस्रोत घट्दै गएर महँगी धान्नै नसक्ने अवस्था छ । कृषिमा जति लगानी गरे पनि राम्रो प्रतिफल नपाएको अवस्था छ । गाउँघरका युवा विदेसिएका छन्, अब कृषिमा को लाग्छ ? गाउँ घर युवाविहीनजस्तो भइसकेको छ । त्यसमाथि मूल्य निर्धारण गर्ने र अनुगमन गर्ने सरकारी निकायको जवाफहिनताले झन बढी मूल्यवृद्धि भइरहेको छ ।

यस क्रममा राप्रपाले देशभर भएका भ्रष्टाचारका कुरा प्रमुखरूपमा उठाइरहेको छ । राजतन्त्र र हिन्दूराज्य स्थापना राप्रपाको प्रमुख लक्ष्य हो । यो उद्देश्य पूरा गर्न राप्रपा गाउँ-गाउँ, टोल-टोल, जिल्ला-जिल्ला पुगिरहेको छ । राप्रपा आफ्नो एजेण्डामा अडिग छ । राप्रपाले अभिभावकीय राजतन्त्र र हिन्दू राज्यको जुन एजेण्डा बोकेको छ, यो एजेण्डा पूरा गरेरै छोड्छ ।

राप्रपाको मुख्य एजेण्डा भनेको अभिभावकीय भूमिकामा राजसंस्था, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री सनातन सद्भावपूर्ण हिन्दू राष्ट्र स्थापना र प्रदेश खारेजी, कामहीन जिल्ला समन्वय समिति खारेजी नै हो । यो एजेण्डा पूरा गर्न राप्रपा आफ्नो शक्ति लगाइरहेको छ । जनतालाई घरदैलोमै पुगेर बुझाइरहेको छ । जब सबै जनताले बुझ्छन् । त्यो दिन राम्रो एजेण्डा स्थापित हुने छ ।

*(लेखक राप्रपा ओखलढुंगाका प्रवक्ता हुन्)*

# एकैघरका तीनसहित चारजना गुमाउँदा शोकमा गेगली गाउँ

■ भेषराज बस्नेत

**राँझा (बाँके)**– बाँकेको नरैनापुर गाउँपालिका-३ कालाफाँटास्थित गेगली गाउँ निवासी ३८ वर्षीया उषा पासी यही भदौ १० मा बिरामी परिन् । घरमै निको होला भन्दाभन्दै दुई दिनपछि उनको निधन भयो । श्यामलाल पासीको घरमा देखिएको झाडापखाला, ज्वरो र टाउको दुख्ने समस्या त्यत्तिमै रोकिएन । यस्तै लक्षणबाट संक्रमित भएकी ६५ वर्षीया शान्ति पासीको भदौ १४ मा निधन भयो, यसको दुई दिनपछि भदौ १६ मा १२ महिनाकी नन्दनी पासीको पनि निधन भएपछि यतिबेला श्यामलाल विक्षिप्त हुन पुगेका छन् ।

पाँच दिनको अवधिमा बुहारी उषा, भाउजु शान्ति र नातिनी नन्दनीको निधन भएपछि उनी अहिले घरको बाहिरै टोलाएर बस्ने गर्छन् । 'सोच्दै नसोचेको दुःख व्यहोर्नुपर्‍यो, घरमै ठीक होला भन्दाभन्दै भएन, अचानक पीडामाथि पीडा थपिएको छ,' उनले भने, 'स्वास्थ्य संस्थामा लैजान पनि नपाउँदै घरमै तीनजनाको निधन भयो ।'

श्यामलालको एकैघरका तीन सदस्यसहित गेगली गाउँकै १० वर्षीय युसुफ शेखको पनि भदौ १२ गते मृत्यु भएपछि गेगली गाउँवासी शोक र भयमा छन् । गाउँका अन्य नागरिकमा संक्रमण फैलिन नदिन नरैनापुर गाउँपालिका स्वास्थ्य शाखाले सोमबार बिहानैदेखि गाउँमा स्वास्थ्य शिविर सञ्चालन गरेपछि त्रास हट्दै गएको स्थानीय जाहिद अलि शेखले बताए ।



झाडापखालाको प्रकोप

स्वास्थ्य शिविरमा श्यामलालले पनि स्वास्थ्य जाँच गरे । स्वास्थ्य अवस्था सामान्य रहेकाले स्वास्थ्यकर्मीले जीवनजल र पानी शुद्धीकरणका लागि पियुस उपलब्ध गराएको उनले बताए । अचानक झाडापखाला, पेट दुख्ने र ज्वरो आउने समस्या देखिनासाथ घरमा उपचार गर्दागर्दै परिवारका तीन सदस्यको मृत्यु भएपछि श्यामलालले बुढेसकालमा ठूलो दुःख व्यहोर्नुपरेको छ ।

श्यामलालको एकै घरको तीनजनासहित गेगली गाउँमा एक हप्ताको बीचमा चारजनाको मृत्यु भएपछि सोमबार बिहानदेखि नरैनापुर गाउँपालिका स्वास्थ्य शाखाबाट खटिएको स्वास्थ्य टोलीले स्थानीय मन्दिर प्रांगणमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको थियो । ३६५ नागरिकको स्वास्थ्य जाँच गर्दा अहिले गाउँका तीनजनामा मात्रै झाडापखालाको समस्या देखिएकाले अवस्था सामान्य रहेको कालाफाँटा स्वास्थ्यचौकीका प्रमुख मोहम्मद तैयब राइनले जानकारी दिए ।

'झाडापखालाको जोखिमको जानकारी पाउनासाथ हामी यहीँ छौं, अहिले अवस्था सामान्य छ,' उनले भने, 'स्वास्थ्य जाँचका क्रममा झाडापखाला देखिएका तीनजनामध्ये दुईजना अहिले उपचारपछि घर फर्किनुभएको छ भने एकजनालाई भेरी अस्पतालमा पठाइएको छ ।'

भारतीय सीमासँग जोडिएको गेगली गाउँमा झाडापखालाबाट भदौ १२ गते स्थानीय ३८ वर्षीया उषा पासी र १२ वर्षीय युसुप शेखको निधन भएको थियो । भदौकै १४ गते ६५ वर्षीया शान्ति पासी र १६ गते आइतबार १२ महिनाकी बालिका नन्दनी पासीको मृत्यु भएको नरैनापुर गाउँपालिका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार साहले बताए । उनले मृत्यु भएकामध्ये उषा, नन्दनी र शान्तिमा विषाक्त खानाको असरका कारण झाडापखालाको आशंका गरिएको बताए । युसुपमा ज्वरो आउने समस्या देखिएकाले झाडापखालाबाटै मृत्यु भएको भन्न सकिने अवस्था नरहेको स्वास्थ्य शाखा प्रमुख साहको भनाइ छ ।

झाडापखाला फैलिएको सूचना आएपछि गाउँपालिका स्वास्थ्य शाखाले सोमबार बिहानैदेखि गेगली गाउँमा खुला स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । शिविरमा जाँचका लागि आएका ३६५ नागरिकलाई स्वास्थ्य अवस्थाअनुसार जीवनजललगायत औषधि वितरण गरिएको उनले जानकारी दिए । स्थानीय ताज मोहम्मद खानले अझै पनि गाउँका मानिस बेलैमा उपचार गर्न स्वास्थ्य संस्था नगई घरेलु विधि अपनाउँदा अकालमै ज्यान जाने अवस्था रहेको बताए । *रासस*

# अस्पताल भवन निर्माण सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या



**अत्तरिया (कैलाली)**– यहाँको धनगढीस्थित सेती प्रादेशिक अस्पतालको नयाँ भवन निर्माण सम्पन्न नहुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको छ । सुदूरपश्चिम प्रदेशको 'रेफरल' अस्पतालको रूपमा रहेको सो अस्पतालको निर्माणाधीन भवन सम्पन्न नहुँदा सेवा प्रवाहमा समस्या भएको हो ।

अस्पतालको भवन अधुरै हुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको अस्पताल विकास समितिका अध्यक्ष नरबहादुर शाहले बताए । उनले भने, 'निर्माण कम्पनीको लापरबाहीका कारण भवन निर्माण ढिलाइ भएको छ । धनगढी बजारको मुख्य सडक विस्तारका क्रममा ओपिडी भवन भत्काउनु परेपछि भवन अभाव भएको हो । जसले गर्दा सेवा प्रवाहमा समस्या भएको छ ।'

सहरी विकास मन्त्रालयअन्तर्गत संघीय आयोजना कार्यान्वयन एकाइले २०७४ कात्तिकमा १३ करोड ६६ लाख ४९ हजार रूपैयाँ लागतमा अस्पतालको दुईतले भवन निर्माण गर्न रविना थेगिम जेभीसँग सम्झौता गरेको थियो । आयोजना कार्यान्वयन एकाइका सूचना अधिकारी सौरभ कलौनीका अनुसार सम्झौताबमोजिम २०७७ वैशाखमा भवन निर्माण सम्पन्न हुनुपर्ने हो । तर, निर्माण सुरु भएको सात वर्ष बित्न लाग्दा पनि निर्माण कम्पनीको लापरबाहीका कारण अहिलेसम्म भवन निर्माण सम्पन्न हुन सकेको छैन ।

कलौनीका अनुसार हालसम्म भवन निर्माणको काम ८८ प्रतिशत मात्र पूरा भएको छ । 'पटक-पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न भएको छैन । हाल छैटौं पटक म्याद थप गरिएको छ । २०८१ चैतसम्म काम सक्नेगरी म्याद थप भएको हो,' सूचना अधिकारी कलौनीले भने, 'हामी निर्माण कम्पनीलाई कारबाहीको प्रक्रियामा गइसकेका थियौं । खरिद नियमावलीको १३औं संशोधनले उनीहरूलाई अन्तिमपटक मौका दियो, त्यसैले अहिले म्याद थप भएको छ ।'

भवनमा फिनिसिङ, अन्तिम रङरोगन, इलेक्ट्रिकल बक्स लगाउने काम, मार्बल बिछ्याउनेलगायतका काम बाँकी रहेको सूचना अधिकारी कलौनीले जानकारी दिए । एक वर्षदेखि अस्पतालले निर्माणाधीन अधुरो भवनका केही कोठाबाट बहिरंग सेवा सुरु गरेको छ । अधुरो भवनमा एमआरआई, सिटीस्क्यान, इन्डोस्कोपी सेवा दिइरहेकोमा केही समय अगाडि एमआरआईमा समस्या आएकाले उक्त सेवा हाल बन्द छ ।

भवनको अभावले अधुरो भवनबाट ओपिडीलगायतका सेवा सुरु गरेको अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. शेरबहादुर कमरले जानकारी दिए । उनले भने, 'नयाँ भवन निर्माण सुरु भएको सात वर्ष बित्न लाग्दा पनि सम्पन्न भएको छैन । भवन अभाव छ । बिरामीको चाप बढ्दो छ । दैनिक एक हजारदेखि एक हजार दुईसम्म बिरामी आउँछन् । ३०० भन्दा बढीलाई भर्ना गरेर उपचार गर्नुपरेको छ ।' उनले भवन अभावकै कारण आइसियू (सघन उपचार कक्ष) आकस्मिक लगायतका सेवा प्रवाहमा समस्या भएको बताए । *रासस*


## युएईमा रोजगार

कम्पनी : CROWN DECOR FACTORY - L.L.
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०४/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 307655 | चलानी नं. ६०२२२३६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT CARPENTER | 30 | 0 | 1000 | ३६,५६० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Basic Machine Operator | 20 | 0 | 1500 | ५४,८४५ | | | | | | | |
| 3 | Finishing Carpenter | 40 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 4 | Helper | 50 | 0 | 900 | ३२,९०५ | | | | | | | |
| 5 | Painter | 40 | 0 | 1200 | ४३,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal, Tel. :- +977-1-5906493, 4970134,
Mobile: 9851231432, 9849205504, E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## युएई/साउदीमा रोजगार

कम्पनी : KARDINIA ALSHAAM DECOR WORKS - L.L.C - O.P.C - BRANCH
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 310051 | चलानी नं.६०२२४६३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceiling Experts | 2 | 0 | 1200 | ४३,८७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Operator Engraving Machines | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 3 | Ordinary Labour | 5 | 0 | 1000 | ३५,५६० | | | | | | | |
| 4 | Plasterer/mson | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 5 | Tile Layer | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |

कम्पनी : FAHD FAHD AL HAJRI CONTRACTING EST

पूर्व स्वीकृति मिति २०८१/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT No. 306007 | चलानी नं. ६०२२०७९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 3 | 0 | 1800 | ६४,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TOP RIGHT TECHNICAL SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 310052 | चलानी नं.६०२२४६३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Layer | 1 | 0 | 1200 | ४३,८७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labour | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 4 | Mechanics Air Condition | 1 | 0 | 1500 | ५४,८४५ | | | | | | | |
| 5 | Scafolder | 6 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 6 | Sprey Painter | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 7 | Steel Fixer | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 8 | Tile Layer. | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 9 | Welder | 2 | 0 | 1200 | ४३,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com, Rudin Dahal: 9842749866



## युएईमा रोजगार

कम्पनी : JAYAMEENAL TECHNICAL WORKS L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 310048 | चलानी नं. ६०२२४६५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1200 | ४३,८७५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Construction Carpenter | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 3 | Electrician (Electrrician) | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 4 | Painter Assistant | 1 | 0 | 1100 | ४०,२२० | | | | | | | |
| 5 | Plumber Assistant | 1 | 0 | 1100 | ४०,२२० | | | | | | | |
| 6 | Reinforce Fitters | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 7 | Steal Fixer | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |
| 8 | Tile Polisher | 1 | 0 | 1200 | ४३,८७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL WORLD OVERSEAS PVT.LTD**
Govt. License No. 1682/080/081
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, 1-4986470, Mobile: 9849478677
E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## साउदीमा रोजगार

कम्पनी : CLINIC MUHAIT ALANNAYA VETERINARY
शहर : Al Ahsa

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 310016 | चलानी नं.६०२२४६२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Labour | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Overseas Employment (P.) Ltd.**
श्रम ईजाजत नं. १२०८/०७३/०७४
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069,
E-mail: overseas4employment@gmail.com



## साउदीमा रोजगार

कम्पनी : RAWAA AL WASHAH LAUNDRY
शहर : Dammam

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No. 309972 | चलानी नं.६०२२४६१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

कम्पनी : THARIYE POULTRY EST

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | LT. No.309970 | चलानी नं. ६०२२४६१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading Unloading Worker | 5 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. ३६४/०५९/०६०
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MH DIAMOND CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८०/१०/१० | पून विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 298698 | चलानी नं. ६०२०४५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOUR | 1 | 0 | 900 | ३२,९२५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MASON | 2 | 0 | 1200 | ४३,९०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ (11th Sep 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**PREMIUM HUMAN RESOURCE**
PREMIUM HR — Govt. License 1631/080/081
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRIPLE 9 CAFE & MORE

पूर्व स्वीकृति मिति: २०८१/०५/१८ | LT. No. 309726 | चलानी नं. ६०२२४६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TEA VALLEY CAFÉ TO SERVE DRINKS

पूर्व स्वीकृति मिति: २०८१/०५/१८ | LT. No. 309725 | चलानी नं. ६०२२४६७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAYAT AL DEEP TRADING CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति २०८१/०२/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 305768 | चलानी नं. ६०२२०४९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant/auditor | 0 | 1 | 4000 | १४५,११० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Administrative Supervisor | 1 | 0 | 3000 | १०८,८३० | | | | | | | |
| 3 | Brick Mason | 1 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 4 | Carpenter | 3 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 5 | Dry Cleaner Worker | 0 | 3 | 1000 | ३६,२७५ | | | | | | | |
| 6 | Foreman | 5 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 7 | General Clean Worker | 8 | 20 | 1000 | ३६,६८५ | | | | | | | |
| 8 | Labour | 8 | 0 | 1000 | ३६,६८५ | | | | | | | |
| 9 | Mason | 5 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 10 | Painter | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 11 | Plumber | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 12 | Receptionist | 0 | 1 | 1500 | ५४,४१५ | | | | | | | |
| 13 | Supervisior | 0 | 2 | 2500 | ९१,५८५ | | | | | | | |

कम्पनी : MULTIPLEX CLEANING & CONT. WLL

पूर्व स्वीकृति मिति २०८१/०२/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 305170 | चलानी नं. ६०२१९९४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Business Excecutive | 0 | 1 | 2500 | ९१,५८५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 3 | 0 | 2500 | ९१,५८५ | | | | | | | |
| 3 | General Clean Worker | 14 | 50 | 1000 | ३६,२७५ | | | | | | | |
| 4 | Helper | 1 | 0 | 1000 | ३६,२७५ | | | | | | | |
| 5 | Labour | 30 | 0 | 1000 | ३६,२७५ | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४३,५३० | | | | | | | |
| 7 | Receptionist | 0 | 2 | 1500 | ५४,४१५ | | | | | | | |
| 8 | Supervisior | 0 | 1 | 2500 | ९१,९२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JALAJALA RECRUITMENT PVT.LTD**
श्रम ईजाजत नं. १२२४/०७४/०७५
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com



## युएईमा रोजगार

कम्पनी : EMFAM HOSPITALITY L.L.C
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०५/१८ | LT. No. 309950 | चलानी नं.६०२२४६८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Male | 100 | 0 | 1000 | ३६,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ २६ गते (11th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**M.B. HUMAN RESOURCE PVT.LTD.**
Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405,
9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com




### 'डिएनए' निर्माणको घोषणा

एक्सन थ्रिलर जनरामा फिल्म 'डीएनए' निर्माणको घोषणा गरिएको छ । यो फिल्मको निर्देशक चानस पुन मगर र मणि रत्न त्रिपाठीले संयुक्त निर्देशन गर्ने बताइएको छ । निर्माण पक्षले मंगलबार पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणबारे जानकारी दिएको हो । निर्देशक पुनका अनुसार यो फिल्म पौराणिक कथामा आधारित छ । पौराणिक कथा र एक्सन थ्रिलरको संयोजनले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नेमा अर्का निर्देशक त्रिपाठीले आशावादी छन् । यस फिल्म नयाँ प्रयोगको रूपमा निर्माण गरिने निर्देशकद्वयको भनाइ छ ।






# गायिका मोक्तानलाई सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं –** तेस्रो म्युजिक खबर तिज म्युजिक अवार्ड २०८१ मा गायिका सुनिताबुढा क्षेत्री र गायक सूर्य खड्का उत्कृष्ट गायक गायिका घोषित भए । गायिका सुनिता बुढा क्षेत्रीले 'पाउँदिन म छोरी' गीतबाट सर्वोत्कृष्ट गायिकाको अवार्ड चुम्दा गायक सूर्य खड्काले 'सीताका माइती बुद्धका देश'बाट उत्कृष्ट गायकको अवार्ड प्राप्त गरिन् ।

अवार्डमा 'सीताका माइती बुद्धका देश' र 'काली पसमकी' गीतले ह्याट्रिक गर्न सफल भए । 'सीताका माइती बुद्धका देश' गीतबाट सूर्य खड्का उत्कृष्ट गायक, विजय पुन उत्कृष्ट मोडल र दुर्गा पौडेल उत्कृष्ट छायाँकार घोषित भए । त्यस्तै 'काली पसमकी' गीतबाट प्रेम सापकोटा सोनु उत्कृष्ट गीतकार मौलिक तीज गीत, नवीन घर्ती मगर उत्कृष्ट भिडियो सम्पादक र स्मारिका ढकालले पपुलर म्युजिक भिडियो मोडल अवार्ड चुम्न सफल भए ।

आर्टिष्ट अफ नेपालको प्रस्तुति एवं शुभकामना मिडिया सोलुसनको आयोजनामा भएको कृषि विकास बैंक तेस्रो म्युजिक खबर तिज म्युजिक अवार्डमा प्रतिनिधि सभा सदस्य एवं पूर्वमन्त्री पद्मा कुमारी अर्याल अतिथिको रूपमा सहभागी थिइन् । अवार्ड कार्यक्रममा आर्टिष्ट अफ नेपाल त्रिरत्न नारी सम्मानबाट गायिका कुन्ती मोक्तान, गायिका लीलावती बुढा र गायिका पूर्णकला बिसीलाई सम्मान अर्पण गरिएको थियो ।

सोही कार्यक्रममा सौन्दर्यविद् सोनी कारञ्जितलाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय सौन्दर्यकला सम्मान अर्पण गरिएको थियो भने गीतकार गायिका थापालाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय्रय स्रष्टा सम्मान प्रदान गरिएको थियो । गायिकाद्वय कालिका रोका र तृप्ति खड्कालाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय्रय गायन सम्मान प्रदान गरिएको थियो भने मोडल टीका जैसीलाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय्रय कला सम्मान प्रदान गरिएको थियो । पत्रकारद्वय शारदा थापा र कल्पना रेग्मीलाई आर्टिष्ट अफ नेपाल कला पत्रकारिता सम्मान प्रदान गरिएको अवार्डका अध्यक्ष सबिता पोखरेलले जानकारी दिइन् ।

कार्यक्रममा सौन्दर्यकर्मी उन्नति शर्मालाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय्रय सौन्दर्यकला सम्मान प्रदान गरिएको थियो भने समाजसेवी उर्मिला पौडेल आचार्यलाई आर्टिष्ट अफ नेपाल राष्ट्रिय्रय सामाजिक सेवा सम्मान प्रदान गरिएको थियो ।

कृषि विकास बैंक तेस्रो म्युजिक खबर तीज म्युजिक अवार्डमा संगीतकार वीपी वाग्ले, गायिका शोभा पाण्डे र गीतकार डा.शिव सुवेदी निर्णायकको भूमिकामा थिए । सोही अवसरमा म्युजिक खबर फाउन्डेसनको टिमको घोषणा गरिएको थियो । सबिता पोखरेलको अध्यक्षतामा स्थापना भएको म्युजिक खबर फाउन्डेसनमा साहित्यकार राधेश्याम लेकाली, गीतकार लोकराज अधिकारी, संगीतकार सरोज कोइराला, गायिका मन्जु पौडेल, संगीतकर्मी बादल थकाली, निर्देशक प्रकाश भट्ट, गीतकार सुमन पण्डित रहेका छन् भने कानुनी सल्लाहकार राम भट्टराई रहेका छन् ।

अवार्ड कार्यक्रमको अवसर पारेर 'म्युजिक खबर फाउन्डसन'को आजीवन सदस्यता समेत प्रदान गरिएको थियो । गायिका सन्जु न्यौपाने, गायक हरिराम परियार, संगीतकार दिपक शर्मा, गायिका तथा मोडल रितु तामाङलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । अवार्डमा कृष्ण लामिछाने, कृष्ण केसी, नवप्रतिभा मोडल दिव्यानी वली, विशाल क्षेत्री, भानुभक्त ढकाल लगायत थुप्रैले समेत अवार्ड थापे ।

# सफल फिल्म ल्याउने सुदर्शनको 'रावायण'

■ प्रभाव संवाददाता



**काठमाडौं–** निर्देशक सुदर्शन थापा प्रेमकथाका फिल्ममा रुचाइएका निर्देशक हुन् । फिल्म 'मेरो एउटा साथी छ'बाट निर्देशकीय पाइला चालेका सुदर्शनका त्यसयताका फिल्म हेर्ने हो भने अधिकांश फिल्ममा प्रेमकथा झल्किन्छ । यही बीचमा उनले 'धन्दा', 'प्रसाद २' जस्ता फरक स्वादका फिल्मको निर्देशकीय जिम्मेवारी पनि लिए ।

यिनै सुदर्शन यही शुक्रबारबाट फिल्म 'रावायण' लिएर दर्शकमाझ आउँदैछन् । फिल्म 'धन्दा'मा थ्रिलर देखाएका सुदर्शनले 'रावायण'मा एक्सन बेस्ड प्रेमकथा प्रस्तुत गरेका छन् । 'म प्रेमकथाकै फिल्ममा भुलिरहेको थिएँ । जसरी बलिउड, साउथ अथवा हलिउड फिल्ममा परिवर्तन भइरहेको छ, त्यस्तो परिवर्तन म आफ्नो कथामा देखाउन चाहन्थें । नेपालमा प्रेमकथा र कमेडी फिल्म चलेको पनि धेरै समय भइसक्यो । नेपाली दर्शकले फरक स्वाद पाउनुपर्छ भन्ने लागेर अहिले एक्सन बेस्ड लभस्टोरी फिल्म गरेको हुँ', उनी भन्छन् ।

सुदर्शन फिल्म 'रावायण' बन्नुमा फरक कारण दिन्छन् । 'हामीले रामायणमा रामको कथा मात्र पढ्यौं, हेर्यौं र सुन्यौ । त्यो भित्र रावणको पनि त कथा थियो होला नि । जुन कुरामा हामीले चासो दिएनौं । यो फिल्मको धार्मिक कुरासँग सरोकार छैन । अहिलेको समयमा रावणजस्तो मान्छेको कथा र प्रेम पनि छ भन्ने एंगलबाट फिल्म बनाउन खोजेका हौं । चलिरहेको फिल्मको सिद्धान्त भन्दा फरक सिद्धान्तबाट हामीले यसको दृश्यको क्राफ्टिङलाई नै परिवर्तन गरेका छौं', सुदर्शन दाबी गर्छन् ।

सुदर्शन फिल्म 'रावायण' हेरेपछि रावणप्रति दर्शकको हेर्ने दृष्टिकोणमा परिवर्तन हुने दाबी गर्छन् । 'रावणबाट यो फिल्म प्रभावित छ । रावण भनेको पुरुषार्थी, शक्तिशाली, ज्ञानी, वैज्ञानिक र सबै चिजबाट भरिपूर्ण व्यक्ति हो । तर रावणले सीतालाई हरण गर्नु नै उसको गल्ती थियो । नत्र त रावणलाई सबैले मानेकै हो । रावण आफैंमा नेगेटिभ होइन । त्यसकारण उसलाई नेगेटिभ नभनौं', सुदर्शन भन्छन् ।

फिल्मको टिजर र ट्रेलर सार्वजनिक भएपछि खास गरी नायक पल शाहको एक्सन पाटोमा प्रश्न नउठेको पनि होइन । यो कुरालाई बुझेका र सुनेका सुदर्शन यसको जवाफ अलिक फरक किसिमले दिन्छन् । 'एक्सन गर्न २४ इन्चको आर्म्स नै हुनुपर्छ भन्ने छैन । हामी सामान्य मान्छे हौं, यदि हामीमाथि कसैले अन्याय, अत्याचार गर्यो भने हामी एक्सनमा आउँछौं । 'रावायण' साधारण, लेभर मेनको कथा हो । यस्ताले पनि आफ्नो लागि कसरी लड्न सक्छ, परिस्थिति अनसार कसरी अगाडि बढ्नुपर्छ, कसरी आइलाग्नेमाथि जाइलाग्नुपर्छ भन्ने एउटा साधारण मान्छेको कथा हो', सुदर्शन खुल्छन् ।

सुदर्शन नायक पल शाहलाई नचाउनकै लागि 'रावायण'मा नलिएको बताउँछन् । 'तीन वर्षको अध्ययनमा पल शाहलाई नचाउने भए म पल शाहलाई लिन्थिन होला । मैले पललाई फिल्मको प्रस्ताव गर्दा ऊ सकारात्मक थियो । टिजर र ट्रेलरमा पलको काम देखेर राम्रो र नराम्रो दुवै प्रतिक्रिया सुनें । के मान्छे कुट्नलाई ठूलै ज्यानको मान्छे चाहिने हो ? उसो भए सानो जिउ भएको मान्छेले बच्चै जन्माउदैन त ? । त्यसका लागि इच्छा शक्ति र हिम्मत ठूलो कुरा हो । मान्छे ठूलो ज्यान भएर मात्र पनि हुँदैन, हिम्मत चाहिन्छ, त्यो हिम्मत मैले पलमा देखें', सुदर्शन भन्छन् । फिल्म 'रावायण'मा सिक्वेलको सम्भावना धेरै रहेको सुदर्शनको बुझाइ छ । 'रावायण'मा सिक्वेलको सम्भावना धेरै छ । अहिले घोषणा गर्न मिल्दैन । तर फिल्म हेरिरहँदा दर्शकले त्यो महशुस गर्छन्', उनी भन्छन् ।


## हुप्सेकोट गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
झ्यालवास, नवलपरासी (व.सु.पु.)

**बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना**

प्रकाशित मिति :२०८१/०५/१९

यस गाउँपालिकाबाट मिति २०८१/०२/१७ गते प्रकाशित सूचना अनुसार विधुतीय खरिद प्रक्रियामा दर्ता हुन आएका बोलपत्रहरू मुल्यांकन हुँदा तपसिलका बोलपत्रदाताहरूको बोलपत्र सारभूत रूपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का न. | कामको विवरण | बोलपत्र दाताको नाम | कवोल रकम (भ्याट सहित ) |
|---|---|---|---|---|
| १. | Hup/Ncb/W/ 03/080/81 | Shankhadev Ghaat Motorable Bridge Construction, Hupsekot-04, (Nawalparasi- East) | नारायण निर्माण सेवा (N.N.S) /पालुस्थान निर्माण सेवा JV, बुटवल-१२ | २,४६,००,८८८ /- |

प्रमुख प्रशासकिय अधिकृत


# रंगशाला

# नेपालले श्रीलंकामा खेल्ने पहिलो अभ्यास खेल वर्षाले रद्द

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली राष्ट्रिय क्रिकेटले श्रीलंकामा खेल्ने भनिएको पहिलो अभ्यास खेल बर्षाले रद्ध भएको छ । नेपाल क्रिकेट संघ (क्यान) का अनुसार नेपाली टिमले श्रीलंकामा श्रीलंका डेभलपमेन्ट स्क्वाडसँग खेल्ने तीन एकदिवसीय खेल अन्तर्गत मंगलबार पहिलो खेल हुने तालिका रहेको थियो । नेपालले आइसीसी क्रिकेट विश्वकपको लिग - २ को तयारीका लागि श्रीलंकामा अभ्यास खेल्ने भएको हो । नेपालले अब दोस्रो अभ्यास खेल बुधबार र तेस्रो खेल सेप्टेम्बर ६ मा हुने तालिका रहेको छ ।

श्रीलंकामा अभ्यास खेल खेल्न नेपालले १९ सदस्यीय टिम गएको छ । जसमा कप्तान रोहित पौडेल, आसिफ सेख , अनिल शाह, देव खनाल, भीम सार्की, आरिफ सेख, कुशल मल्ल, सोमपाल कामी, करण केसी, गुलशन झा, रिजन ढकाल, ललित राजबंशी, आकाश चन्द, सागर ढकाल, सन्दीप जोरा, कुशल भुर्तेल, अर्जुन साउद, दिपेन्द्र सिंह ऐरी र सन्दीप लामिछाने रहेका छन् । यस अभ्यास खेल पछि नेपालले क्यानडामा हुने आइसीसी क्रिकेट विश्वकप लिग-२ को सिरिज खेल्न त्यसतर्फ जाने छ ।

# विश्व टेस्ट च्याम्पियनसिप फाइनलको मिति तय

■ प्रभाव संवाददाता



**काठमाडौं –** आइसीसीले विश्व टेस्ट च्याम्पियनसिप फाइनलको मिति तय र खेल हुने स्थान तय गरेको छ । आइसीसीले जारी विश्व टेस्ट च्याम्पियनसिपको फाइनल खेल २०२५ को जुन ११ देखि १५ सम्म ईङल्याण्डको लर्ड्स मैदानमा हुने भएको छ । त्यस्तै आवश्यक परेमा जुन १६ लाई रिजर्भ डे को रूपमा प्रयोग गर्न सकिने आइसीसीले जनाएको छ ।

यस अघि २०२१ र २०२३ मा पनि टेस्ट च्याम्पियनसिपको फाइनल खेल ईङल्याण्डमा नै खेलिएको थियो । २०२१ मा साउथहम्पटनमा र २०२३ मा द ओभल मैदानमा खेलिएको थियो । आइसीसीको टेस्ट च्याम्पियनसिपको फाइनलमा शिर्ष स्थानमा रहेका दुई देश बीच हुने छ । अहिलेसम्म शिर्ष दुई स्थानमा भारत र अस्ट्रेलिया रहेका छन् । टेस्ट च्याम्पियनसिपको पहिलो संस्करण न्यूजील्याण्डले जितेको थियो भने दोस्रो संस्करण अस्ट्रेलियाले जितेको थियो । दुवै संस्करणमा उपविजेता भने भारत रहेको थियो ।


